**नेपाल, ३ नं. प्रदेश, भक्तपुर, चाँगुनारायण नगरपालिका**

चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ४ मिति : २०७५/१२/२९

**भाग-२**

कार्यपालिकाबाट पारित मिति : २०७५/१२/२६

# नगर प्रहरी संचालन कार्यबिधि,२०७५

**प्रस्तावना**

नगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न, मापदन्डहरुको कडाईका साथ लागु गर्न, बजार ब्यबस्थित गर्न, पार्किंग ब्यबस्थापन गर्न एवं नगरप्रहरी परिचालन गरी स्थानीय समस्याहरुको सहज समाधान गर्न नगर प्रहरी सेवा करारमा लिई कार्य संचालन गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(२) क बमोजिम समेतका कार्य गर्न चाँगुनारायण नगरपालिकाले यो नगर प्रहरी संचालन कार्यबिधि २०७५ बनाइ लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यबिधि को नाम "चाँगुनारायण नगरपालिका नगर प्रहरी संचालन कार्यबिधि २०७५" रहेको छ ।

ख. यो कार्यबिधि नगरकार्यपालिकाले स्वीकृत गरे पछि लागू हुनेछ ।

२. **परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः**

क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले चाँगुनारायण नगरपालिका लाई सम्झनु पर्दछ ।

ग) “नगरप्रहरी” भन्नाले चाँगुनारायण नगरपालिकाबाट सेवा करारमा लिई कामकाज गर्न खटिएको जनशक्ति सम्झनुपर्छ ।

घ) “आर्थिकवर्ष” भन्नाले श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ङ.) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले चाँगुनारायण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न नेपाल सरकारबाट खटाईएका अधिकृतलाइ सम्झनु पर्दछ ।

च) जवान भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनुपर्छ ।

छ) नगर प्रहरी भन्नाले नगर प्रहरी निरीक्षक,सहायक निरीक्षक र जवानलाई समेतलाई सम्झनुपर्छ ।

३) **कार्यबिधिको व्याख्या नगरपालिकाले गर्नेः**

यस कार्यबिधिको ब्याख्या नगरपालिकाले गर्ने छ । यस कार्यबिधिको प्रयोग गर्दा नगरप्रहरीलाई मर्कापरेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ । यसरी परेको निवेदन उपर आफैले गर्नुपर्ने भएमा तीन दिन भित्र कारवाही किनारा गर्नुपर्नेछ । पेश गर्नुपर्नेमा तीनदिन भित्र पेश गर्नुपर्ने छ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा संचालन, रेखदेख र नियन्त्रण

४) **नगर प्रहरी सेवाः**

नगरपालिकामा नगर प्रहरीको सेवा करारमा लिईनेछ । नगरपालिकामा रहने नगरप्रहरी जनशक्तिको संख्या नगर सभाले तोके बमोजिम हुनेछ ।

५) **नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः**

क) नगरपालिकामा नगर सभाले तोकेको नगर प्रहरीको पद र तह रहने छन् । नगर सभाले जम्मा पद संख्यामात्र तोकेको अवस्थामा सो को सीमा भित्र रही कार्यपालिकाले पद वर्गीकरण गरी सेवा करकमा लिन सक्ने छ ।

ख) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्ता कार्य विवरणमा सम्वन्धित पदको काम,कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

ग) नगर प्रहरी प्रमुख लगायत नगरप्रहरीको जनशक्तिको काम, कर्तव्य र अधिकार यसै कार्यबिधि र कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ३
## नगर प्रहरीको काम,कर्तव्य र अधिकार

६) **नगर प्रहरी जनशक्तिको काम, कर्तव्य र अधिकारः**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याईराखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धि तव्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्ने वा सार्बजनिक स्थानमा जथाभावी फोहोर गर्नेलाई कानुन बमोजिम कारवाहीका लागि पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो, सम्पदा क्षेत्र, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित वडा कार्यालय, भूमी व्यबस्थापन शाखा तथा नगर प्रहरी संचालन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । नगर प्रमुखबाट भत्काउने आदेश भए बमोजिम भत्काउन लगाई लागेको खर्च असुल उपर गर्ने ।

(४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरको देखिएमा नक्शापास भए नक्शापासका प्रमाणपत्र सहितको प्रतिवेदन भूमि ब्यबस्थापन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको पाइएमा नगर प्रमुखबाट भत्काउने आदेश प्राप्त गरी भत्काउने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउने । त्यस्ता पशु सार्बजनिक स्थानमा छाड्नेलाई पकाउ गरी कार्यालयमा पेश गर्ने । आफुलाई काम नलाग्ने पशु सार्बजनिक स्थानमा छोडी जानेलाई पकाउ गरी रु ५००० । (पँच हजार) जरिवाना गर्ने र सो को अभिलेख राख्ने । पटके रुपमा पकाउ परेकालाई दोब्बर जरिवाना गरी पेश गर्ने ।

(६) स्वास्थ्यका लागि हानिकार भईसकेका तथा सडेगलेका खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए रु ५००० जरिवाना गराई सामान जफत गरी गाड्न लगाउने । पटके रुपमा यस्ता कार्य दोहोरिएमा पटकै पिच्छे रु १०००० (दश हजार) जरिवाना गराई पसल सिलबन्दी समेत गरी कानूनी कारबाहीका लागि रायसाथ पेशगर्ने । यसरी कारवाही गर्दा माछामासु, तरकारी, दुग्ध जन्य पदार्थ, पिउने पानी तथा खाद्य पदार्थमा अखाद्य वा अस्वस्थ्य वा हानीकारक पदार्थ मिसावट भएकोमा कारबाहीका लागि स्थानीय प्रशासनको सहयोगमा किनारा

लगाउन नगर प्रहरी संचालन शाखामा पेश गर्ने, शाखाले खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागमा बुझाई कारबाही किनारा लगाउन पर्ने भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा पसल सिलबन्दी गरी संचालक वा ब्यबस्थापक सहित शाखामा पेश गर्ने वा जफतगरी नस्ट गर्ने । शाखाबाट प्रक्रिया अघि बढाई रु १००००(दश हजार)जरिवाना समेत गर्ने र कानून बमोजिम कारबाहीका लागि अन्यत्र पठाउने प्रकृतिको कार्य भएको भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिमगर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने । सार्वजनिक क्षेत्रमा कुकुरलाई दिसापिसाब गराउन निषेध गर्ने, अटेर गर्नेलाई रु ३०००। (तीन हजार)जरिवाना गर्ने । पटके भए पटकै पिच्छे ५०००(पाँच हजार) जरिवाना गर्ने । छाडा कुकुरको कारण दुर्घटना बढ्नुका साथै रेविज जस्ता घातक रोग समेत फैलने भएकाले समुदायको सहयोगमा ब्यबस्थापन गर्न पशुबिकास शाखाको समन्वयमा कार्यवाही गर्ने ।

(९) खतरा उत्पन्न हुने रुख काटन लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र नगर प्रमुखबाट भत्काउन आदेश प्राप्त भए भत्काउन लगाउने  वा भत्काउने । भत्काउन लगाउदा अटेरगरे भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धित पक्षबाट असूल उपर गरी विवरण सहित शाखामा दाखिला गर्ने ।

१०) वडा कार्यालय, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसंगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११) नगरको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१२) ईजाजत बिना पेशा ब्यबसाय गरेको फेला परेमा उक्त पेशा ब्यबसाय दर्ता/नवीकरण गर्न लगाउने ।

(१३) नगरपालिका क्षेत्रमा भित्तेलेखन, पोलव्यानर, क्रसव्यानर र  निषेध गरिएको बिषयको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेरगर्नेलाइ रु ५००० जरिवाना सहित कारवाही गर्ने ।

(१४) विना ईजाजत व्यानर, होडिङ्गवोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामाग्री हटाई प्रति ईकाई रु ५००० जरिवाना गर्ने ।

(१५) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट निर्देशन भए बमोजिम सहभागी हुने ।

(१६) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने कार्यमा शाखालाई प्रतिवेदन गरी शाखाबाट कार्यबाही अगाडी बढाउन निर्देशन गरे बमोजिम खटिई जाने ।

(१७) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाजपार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप चलेको नपाईएमा कारवाहीका लागि पेश गर्ने ।

(१८) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

(१९) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने ।

(२०) अरुलाई वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गरी ध्वनी प्रदुषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२१) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने । यस कार्यविधि र नगरपालिकाको निर्देशनको बर्खिलाप गरी कसैले ध्वनी प्रदुषण गरेमा प्रथम पटक सम्झाई बुझाई गर्ने । नमानेमा सामान जफत गरी रु ३०००।(तीन हजार) जरिवाना गर्ने । उलंघन गरेमा पटकै पिच्छे रु ५०००(पाँचहजार) जरिवाना गर्ने ।

(२२) नगरपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र त्यस्ता संस्थाहरुको अनुगमन गर्ने ।

(२३) नगरपालिकाबाट संचालन भएको भए वा हुने दमकल (Fire Brigade) सेवालाइ २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(२४) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२५) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिम काकार्यहरु गर्ने गराउने ।

(२६) नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

(२७) अनधिकृत क्षेत्रमा पार्किंग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा ब्यबस्थापन गरी रु ५०० जरिवाना समेत गराउने । साधन ( मोटर साईकल, साईकल, ठेला आदी) उठाई ल्याउनुपर्ने अवस्था भएमा नगरपालिकामा ल्याउने र सो वापत रु १०००(एकहजार) जरिवाना समेत

गराई साधन बुझाईदिने । उठाई ल्याउन नसकिने ठूला साधनका हकमा व्हील लक गरी राख्ने,व्हील लक गरेको समय देखि प्रतिघन्टा ५००( पाँचसय) जरिवाना गरी पेशगर्ने ।

(२८) सडक तथा सडकको क्षेत्राधिकार भित्र वा कुनै सार्बजनिक स्थानमा निर्माण सामाग्री राखी त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्ने लाई तत्काल सामाग्री हटाउन लगाउने, दोश्रो पटक भए हटाउन लगाई रु ५००० जरिवानासमेत गर्ने । हटाउन अटेर गरी आलटाल गरेमा हटाउने र सो कार्यगर्दा लागेको खर्च र जरिवाना रु १०००० (दश हजार) समेत असुल उपर गर्ने ।

(२९) स्थानीय बजार ब्यबस्थापन गर्ने गराउने,सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकारभित्र कुनै पसल ब्यबसाय संचालन गर्न नदिने । हटाउन लगाउदा समेत अटेर गरेमा त्यस्ता सामाग्री उठाई नगर प्रहरीको नियन्त्रणमा राखी सो को विवरण  नगर प्रहरी संचालन शाखामा बुझाउने । सम्बन्धित ब्यक्तिले तीन दिन भित्र आफ्नो सामाग्री लिन आएमा रु ३००० (तीन हजार)जरिवाना गरी सामाग्री बुझाउने । तीन दिन पुरा भएपछि पनि सम्पर्क राख्न नआएमा तीन दिनको सूचना सूचना पाटी र वेवसाईटमा दिई छोटो प्रक्रियाद्धारा लिलाम गरी प्राप्त आम्दानी नगरपालिकाको खातामा जम्मा गरिने छ । सडी कुही जाने सामाग्रीलाई तत्काल  उचित स्थानमा गाड्ने वा लिलाम गर्ने गराउने कार्यको लागि नगर प्रहरी संचालन शाखामा विवरण सहित ब्यबस्थापन गर्न सहजीकरण गर्ने ।

(३०) नगरपालिकाको अनुमति नलिई कुनै निर्माणमुखी खनिज पदार्थ उत्खनन्, ओसारपसार गरे नगरेको स्थलगत अवस्था समेत बुझी प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुख समक्ष अविलम्व जानकारी गराउने । सो सम्बन्धमा तत्काल निर्देशन भएबमोजिम कारवाही अघि बढाउने । नगरपालिकाको स्वीकृति लिई माटो,बालुवा जस्ता साग्री र डिपोबाट चलान हुने सामाग्री स्वीकृति नलिई ओसार पसार गरेको पाईएमा साम्ग्री सहितको सवारी साधन नगरपालिकामा पेश गर्न लगाउने र सामान जफत गरी नगरपालिकाबाट तोकिएको जरिवाना लिई सवारी साधन लैजान दिने ।

(३१) कारवाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नुपर्ने भएमा नगर प्रहरी संचालन शाखाबाट प्रक्रिया पुर्याई प्रहरी कार्यालयमा बुझाउनुपर्ने वा तारेखमा राख्नुपर्ने भएमा नगर प्रहरी संचालन गर्ने शाखाबाट ब्यहोरा खोली प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । सो सम्बन्धमा नगर प्रमुखबाट निर्णय भए बमोजिमगर्ने ।

(३२) उल्लेखित कार्यमा चित्त नबुझ्री पुनरावेदन गर्नुपरेमा सम्बन्धित पक्षले नगर प्रमुख समक्ष तीन दिनभित्र निवेदन दिनुपर्ने छ । सो को सात दिन भित्र नगर प्रमुखले निर्णय दिनुपर्ने छ ।

## परिच्छेद चार
## विदा

(७) **नगर प्रहरी जनशातिले  निम्न अनुसारको बिदा पाउने छ :**

१) भैपरी आउने र पर्व विदा १२ दिन

२) घर विदा

३) विरामी विदा

४) विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाइ सेवाबाट हटाउनेः

५) यस कार्यविधि वमोजिम विदा नलिई नगरप्रहरी जनशक्ति गैरहाजिर हुन पाउने छैन । बिना कुनै जानकारी बिदा बसी कार्यालयको कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले नीजसंगको सम्झौता तोड्न सक्ने छ ।

६) भैपरी/पर्वविदाः (१)नगर प्रहरी कर्मचारील प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

७) भैपरी/पर्व आउने विदा साधारणतः एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ ।

८) भैपरी/पर्व आउने विदा एकसालको अर्को सालमा लिन पाइने छैन ।

९) प्रहरी निरीक्षकले प्रमुख प्रशासकीय अधिकृत समक्ष र अन्य जनशक्तिले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको अधिकृत समक्ष पेशगरी स्वीकृति लिई विदा वस्न सक्ने छ ।

१०) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरु सँग मिलाई लिन पाइने छैन ।

## परिच्छेद
## आचरण

८) **दान उपहार लिन नहुनेः** आफनो सरकारी काममा कुनै पनि प्रकारका असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजका परिवारका सदस्य समेत ले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारका दान,बकस,पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

९) **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने कार्यमा समेत भागलिन हुँदैन ।

१०) **व्यापार व्यवसाय गर्न नहुने:** कुनै पनि नगरप्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका कार्य गर्नु हुँदैन:

१.कुनै व्यापार गर्न

२.कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३.कुनै व्यवसाय चलाउन ।

११) **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगरप्रहरीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाइ आफनो कर्तव्यको पालना गर्दा नगरपालिका वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाइ वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिका लाई जानकारी दिनु हुदैन।

१२) **रेडियो वा पत्रिका सँग सम्पर्क राख्न नहुने:** नगरप्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफू नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

१३) **नगरपालिकाको आलोचना:** नगरप्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना प्रकासन, प्रसारण वा सम्प्रेषण गर्नु हुँदैन ।

१४) **निर्वाचनमा भाग लिन नहुने:** नगरप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाइ मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफनो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

१५) **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

१६) **समय पालना र नियमितता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा हाजिर हुनुपर्दछ र साधारण तया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

१७) **अनुशासन र आज्ञापालन:**

(१) नगरप्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नु पर्दछ ।

(२) नगरप्रहरीले आफनो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालना गर्नुपर्दछ ।

(३) नगरप्रहरीको कार्यमा खटिएका जनशक्तिले आफूभन्दा माथिका सबै अधिकृतहरु, शाखा प्रमुखहरु, सबै जनप्रतिनीधीहरु प्रति उचित आदर देखाउनु पर्नेछ ।

१८) **<u>नगर प्रहरी जनशक्तिले बाहिरी प्रभाव पान नहुने:</u>** नगर प्रहरी जनशक्तिले आफनो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुदैन ।

## परिच्छेद पाँच
## <u>सजायँ</u>

१९) **<u>सजाय:</u>** तपशीलमा उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाइ देहायको सजाय गर्न सकिनेछ :

क) सन्तोष जनक काम नगरेमा ।
ख) अनुशासन हीन कार्य गरेमा ।
ग) आचरण सम्वन्धी ब्यबस्था उल्लंघन गरेमा ।
ङ) दिएका आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।
च) मनासिव कारण वेगर वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।
छ) लापरवाही गरेमा वा आदेशको पालना नगरेमा :

१. चेतावनी दिने, नसिहतदिने ।
२. सम्झौता रद्ध गर्ने ।
३. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी वा अपुग भएमा घरघरानाबाट समेत असुल उपर गर्ने ।

२०) **<u>नोकरीबाट हटाउन वा बखास्त गर्ने:</u>** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गैर प्रहरी जनशक्तिलाई करार सेवाबाट दायित्व पूरा गर्न नसकेमा ।

ख) राजनीतिमा भाग लिएमा ।
ग) वरावर अनुशासनहीन कार्य गरेमा ।
घ) नैतिक पतन देखिने फौजदारी अभियोगको कार्य गरेमा ।
ङ) डिउटीमा भएका अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाइ कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।
च) कार्यालय वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना नगरेमा वा उलंघन गरेमा वा भ्रष्टाचार जन्य कार्यगरेमा ।
छ) आफनो पदका जिम्मेवारी अनुसार आचरण नगरेमा ।
ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा ।

झ) मनासिव कारण नभई वा विदाको पूर्व स्वीकृति नलिई विदा वसेमा ।

२१) **<u>सजाय सम्बन्धी कार्यविधि</u>:** (१)नगरप्रहरी जनशक्तिलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

## परिच्छेद छ
## <u>पोशाक</u>

२२) **<u>नगर प्रहरी पोशाक</u>:** नगर प्रहरीका पोशाकका रंग, किसिम र अन्य विवरण कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

**आज्ञाले**
**चिरञ्जिवी तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**